'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : २० शनिबार २९ भदौ, २०८१ 14 (Saturday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

# संसदमा 'कर्णाली राजमार्ग' हराएको सूचना !

• नमस्ते समचारदाता
जुम्ला, भदौ/२८



भाद्र २६ गतेको प्रतिनिधि सभाको बैठकमा एक्कासी 'कर्णाली राजमार्ग' हराएको सूचना वाचन भयो । उक्त सूचना वाचन गर्ने सांसद हुन्, विनिता कठायत । उनै सांसद कठायतले प्रतिनिधि सभामा राजमार्गको स्तरोन्नति र बजेट विनियोजनको लागि सार्वजनिक महत्वको प्रस्ताव नै दर्ता गरेकी छन् । उक्त दिन उनले सोही विषयमा गम्भीर विषय उठाइन् । राजमार्गको इतिहास हेर्दा सुरूमा सुर्खेत - जुम्ला लोकमार्ग भनिन्थ्यो । पछि कर्णाली राजमार्ग भन्न थालियो । उनले भनेकी छन्, २०६३ सालमा ट्रयाक खुलेको यो सडकलाई तत्कालिन कर्णाली अञ्चल सदरमुककाम जुम्लासम्म जेड्ने भएको कारण कर्णाली राजमार्गको रुपमा चिनियो । सडक विभागले अषाढ २०५१ सालमा प्रकाशन गरेको स्टाटिस्टटीकल डाटा अफ द स्टाटेजिक नेटवर्कमा कर्णाली राजमार्ग नेपालको १३औं हाइवेको रुपमा रहेको छ भने यसको लम्वाई २१० किलो मिटर राखिएको छ । त्यतिबेला नेपालमा जम्मा १५ वटा राजमार्ग थिए । सडक विभागको आधिकारीक दस्तावेजमा २०६९ साल मंसिर १९ गते सम्मपनि कर्णाली राजमार्ग भनेर सुर्खेत-जुम्ला सडकलाई जनाइएको छ । सांसद कठायत प्रश्न गर्छिन्, तर, अहिले यो राजमार्ग कुन स्वार्थ समूहको कारणले हो बेनामे सडकको रुपमा अलपत्र छ ? यो सडकले न प्रयाप्त बजेट पाउँछ न यसको सुरुवाती पहिचान नै छ । सडक विभागको पछिल्लो दस्तावेजहरुमा सुर्खेत जुम्ला सडकको आधिकारीक नाम नै गायब भएको छ । कर्णाली राजमार्गको पुरानो रुटलाई मेटाएर सडकनै नभएको स्थानलाई जोडेर अस्तित्वनै संकटमा पारिएको उनको आरोप छ । कर्णालीका जनतालाई थाहै नदिएर यस्तो कार्यगर्ने अधिकार कसले दियो? यसप्रकारको बेइमानी किन गरियो ? उनले सरकारलाई कडा प्रश्न गरिन् । खससाम्राज्यको केन्द्र रहेको जुम्लामाथि पटक पटक किन यस्तो अन्याय गरिन्छ ? उनले आक्रोश पोखिन् । हालसालै सडक विभागले सार्वजनिक गरेका देशका ८० वटा राजमार्ग र सडकमध्ये सुर्खेत जुम्ला सडकलाई ६१ औं नम्बरमा राखेको छ । २०५१ सालमा नेपालमा १५ वटा मात्र राजमार्ग हुँदा १३औं स्थानमा रहेको यो सडक अहिले ६१औं स्थानमा धेकेलिएको कठायतको भनाइ छ । *बाँकी ३ पेजमा...*

# कर्णालीका १३ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पदस्थापन

• नमस्ते समचारदाता
हुम्ला, भदौ/२८




सरकारले एकैपटक १०० वटा गाउँपालिकाहरुमा रिक्त प्रमुख प्रशासकीय अधिकृत पदमा कर्मचारी खटाएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीबार एकैपटक १०० जना शाखा अधिकृतहरुको पदस्थापन गर्दै जिम्मेवारी तोकेको हो । १२३ गाउँपालिकाहरु निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा चलिरहेकोमा अब २३ वटा मात्रै गाउँपालिकामा मात्रै पदपूर्ति हुन बाँकी छ । मन्त्रालय स्रोतका अनुसार पदस्थापन भएकाहरु सबै लोकसेवा आयोगबाट अधिकृतको परीक्षा पास गरेर हालै प्रशासनिक प्रशिक्षण पूरा गरेकाहरु हुन् । तीमध्ये कर्णाली प्रदेशका १३ स्थानीय तहले नयाँ प्रमुख प्रशासकीय अधिकृत पाएका छन् । ती मध्ये दैलेखको भवगतीमाई गाउँपालिकामा नारायणजंग पाण्डे, दैलेखकै नौमुले गाउँपालिकामा दमन दाहाल आउने भएका छन् । यस्तै सुर्खेतको चौकुने गाउँपालिकामा नगेन्द्र प्रसाद रिजाल प्रमुखको रूपमा आउने भएका छन् । जुम्लामा आठ स्थानीय तहमध्ये जुम्लाका तीन स्थानीय तहमा नयाँ प्रमुख प्रशासकीय अधिकृत आउने भएका छन् । जुम्लाको पातारासी गाउँपालिकामा झलकराज जोशी, गुठीचौर गाउँपालिकामा मनिषा खरेल र हिमा गाउँपालिकामा संगीता धिताल आउने छन् । यसैगरी, सल्यानको कुमाख गाउँपालिमामा खड विक, कालीकोटको सान्नीत्रिवेणी गाउँपालिकामा प्रेमबहादुर बडुवाल, शुभकालिका गाउँपालिमा जनक शर्मा, पचाल झरना गाउँपालिकामा खड्क बहादुर परियारको आगमन हुनेछ । हुम्लाको सिमकोट गाउँपालिकामा सुमन खड्का, सर्केगाड गाउँपालिकामा किरण कुमार केसी, जाजरकोटको कुशे गाउँपालिकामा विकास परियारलाई खटाइएको छ ।

# शिक्षण अस्पताल कोहलपुरमा क्यान्सर अस्पताल बन्दै

• नमस्ते समचारदाता
कोहलपुर, भदौ/२८



बाँके जिल्लाको कोहलपुरस्थित नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा क्यान्सर अस्पताल बन्ने भएको छ । सुविधा सम्पन्न अस्पताल भवन शुक्रबार एक कायर्यक्रमकाबीच शिलान्यास गरिएको हो । सो अवसरमा भवन शिलान्यासका साथै भूमि पूजा कार्यक्रम सम्पन्न गरिएको हो । अस्पतालको स्तरोन्नति गर्ने काममा नीजि क्षेत्रबाट पश्चिम नेपालमा पहिलोपटक यस भेगका बिरामीहरुलाई सुविधा सम्पन्न 'क्यान्सर अस्पताल' को स्थापनाका लागि भवनको शिलान्यास गरिएको थियो । बुद्ध एजुकेसनल एकेडेमीका उपनिर्देशक श्याम कुमार शर्माका अनुसार क्यान्सर अस्पताल भवन शिलान्यास तथा भूमि पूजा गरिएको हो । अस्पतालबाट गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यका साथ नेपालगन्ज अस्पतालमा आउँदो महिनादेखि मुटुरोग सम्बन्धी विशिष्टकृत सेवा सुरू गरिने उनले बताए । यस्तै क्याथ ल्याब, इन्टरभेन्सन रेडियोलोजी सेवा सुरू हुन लागेको उनको भनाइ छ । कोहलपुर अस्पताल मा ओकोलोजी विभाग स्थापना गरिएको छ । नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर पश्चिम क्षेत्रकै सुविधा सम्पन्न निजी अस्पताल हो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# कानुन कठोर, कार्यान्वयन कमजोर



इन्द्रजित सहनी

उपभोक्ता अधिकार मानव जीवनका लागि अनिवार्य अधिकार मानिन्छ । सबै व्यक्ति कुनै न कुनै वस्तुको उपभोक्ता नै हो, चाहे ऊ जुनसुकै पद वा नेतृत्वमा होस् । उपभोक्ताको अधिकार भनेको जनजीविकाको अधिकार हो । बजारमा हुने ठगी, उपभोक्तालाई झुक्याउने, गुमराहमा पार्नेजस्ता गलत क्रियाकलापबाट वस्तु वा सेवा खरिद गर्ने जनसाधारणको सुरक्षा गर्ने कार्य उपभोक्ता संरक्षण हो । उपभोक्ता अधिकार नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सबै अधिकारसँग अन्तरसम्बन्धित विषय हो । त्यसैले यसलाई अलग्याएर हेर्नु हुँदैन । प्रतिनिधित्वको हक पनि उपभोक्ता अधिकार हो। हेर्दा राजनीतिक अधिकारजस्तो देखिए पनि संयुक्त राष्ट्रसंघले प्रतिनिधित्वको हकलाई उपभोक्ताको अधिकार भनी व्याख्या गरेको छ । नेपालले पनि सदस्य राष्ट्रको प्रतिबद्धताको परिपालना गर्दै नेपालको संविधानको मौलिक हकका रूपमा धारा ४४ मा 'उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा पाउने हक हुनेछ, गुणस्तरहीन वस्तु वा सेवाबाट कसैलाई हानि पुगेमा क्षतिपूर्ति पाउने हक हुनेछ' भनेको छ । हामीसँग अहिले ७ सय ६१ सरकार छन् । मौलिक हकको कार्यान्वयन गर्ने जिम्मा पनि तीन तहको सरकारकै हो । यसर्थ उपभोक्ताको हक प्राप्तिका लागि पहिलो दायित्व सरकारकै हो ।

संविधानका अनुसूचीहरूमा स्थानीय बजार व्यवस्थापन गर्ने, उपभोक्ता हित संरक्षण गर्ने र उपभोक्ता शिक्षा सञ्चालन गर्ने दायित्व स्थानीय सरकार तथा प्रदेश सरकारको छ। संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण गर्न उपभोक्तालाई सहज पहुँचको अधिकार, प्रतिस्पर्धात्मक मूल्यमा छनोट गर्न पाउने अधिकार, वस्तु वा सेवाबारे सु-सूचित हुन पाउने अधिकार उपभोक्ता संरक्षण ऐन, २०७५ ले सुनिश्चित गरेको छ । उपभोग्य वस्तु उपभोग गर्ने तरिका र उपभोग गरेबाट हुन सक्ने प्रभाव, वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति, उपभोगको म्याद सकिने मिति उल्लेख गरिनुपर्छ। ऐनमा लेभल नराखी बिक्रीवितरण गर्ने, गराउनेलगायत अन्य कार्यमा उपभोक्ता अधिकार हनन् प्रकृतिको आधारमा अधिकतम् २ वर्षदेखि ३ वर्षसम्म कैद वा ३ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन सक्ने प्रावधान छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले स्थानीय सरकारले उपभोक्ता अधिकारसम्बन्धी कानुनको कार्यान्वयन र नियमनको व्यवस्था गरेको छ । यसरी कानुनले संघ, प्रदेश र स्थानीय तीनवटै सरकारले उपभोक्ता अधिकारको रक्षा र संवर्द्धन गर्नुपर्ने व्यवस्था गरेको छ। तापनि उपभोक्ताले महसुस गर्नेगरी कानुनको प्रभावकारी कार्यान्वयन गरेको पाइँदैन । नेपालमा उपभोक्ता संरक्षण ऐन तथा उपभोक्तासम्बन्धी विशेष कानुनहरूको कार्यान्वयन नै अत्यन्त कमजोर छ । कृत्रिम अभाव सिर्जना गर्नेमाथि कारबाही, सिन्डिकेट तथा कार्टेलिङमा बन्देज कार्यान्वयन सन्तोषजनक देखिँदैन । यदि तपाईं राजधानीका माइक्रोबसमा चढ्नुहुन्छ भने अमर्यादित व्यवहारको सामना गर्नुहुनेछ। सिटभन्दा बढी यात्रु नहाल्नु भनेर ट्राफिक नियम लगाइएकोमा कोचाकोच गरेर यात्रु राखी पशुजस्तो अमर्यादित व्यवहार गरिरहेका हुन्छन् । सिटभन्दा बढी यात्रु यात्रा गराउँदा दुर्घटना बढेको छ। त्यहाँ न उपभोक्ताले



अधिकार खोजेको हुन्छ, न अधिकार दिनेले अधिकार दिएको हुन्छ । कसैले त्यहाँ अधिकारको कुरा गर्‍यो भने ऊ नमुना ठहरिन्छ । त्यसरी नै चलेको छ, नेपालको उपभोक्ताको दिनचर्या । उपभोक्ता आफ्ना अधिकार प्रति बेखबर छन् । सुसूचित भएकाहरू पनि आफ्नो सम्पन्नता र बेमतलवीको सिकार भएका देखिन्छन् । फलफूलमा विष, तरकारीमा विष । विष नहालेका कुनै ताजा तरकारी र फलफूल खान नपाउनु भनेको कस्तो उपभोक्ता अधिकार हो ? जसले गर्दा जसले जे पनि हुने ? सरकार किन मौन ? यसरी भएको बजारीकरणले जनताको स्वास्थ्यमा प्रतिकूल असर परिरहेछ । सार्वजनिक सेवा सम्बन्धमा सेवाग्राहीका गुनासा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था भए पनि सार्वजनिक सेवा प्रवाहमा जवाफदेही, पारदर्शी, सहभागितामूलक र उत्तरदायी हुन नसक्दा उपभोक्ता अधिकार संरक्षण हुन सकेको छैन । त्यसो भएकाले सरकारी तवरमै उपभोक्ता कानुन प्रभावकारी बनाउन उपभोक्तालाई आफ्नो अधिकार र उत्तर दायित्वप्रति सचेत गराउने कार्यमा राज्यले लगानी गर्नुपर्छ। उपभोक्तालाई नै आफ्नो अधिकारप्रति सुसूचित गराउनु राज्यको पहिलो दायित्व हो । यस्ता विविध कारणले खासगरी सहरी नागरिक अत्यधिक महँगी, कालोबजारी र ठगीको मारमा पर्ने सम्भावना छ। नेपाल कृषि प्रधान देश भनिएता पनि १० गुणाभन्दा बढी आयात हुने गरेको तथ्यांकमा कृषि उपभोग्यवस्तु पनि अग्रपंक्तिमा छ । कृषि उत्पादनमा आत्मनिर्भर बनाउन २०८१-८२ को बजेटमा २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिएको छ। योसँगै प्रधानमन्त्री कृषि आधुनिक परियोजना, फलफूल क्षेत्रको विकासजस्ता लोकप्रिय कार्यक्रम रातो किताबमा सुनिश्चित गरिएता पनि यस्ता कार्यक्रम विगतको बजेटमा थिए । जुन प्रतिफलले कृषि उत्पादनमा आत्मनिर्भर हुने उपभोक्ताले उपभोग गर्ने खाद्यवस्तुको महँगाइ कम हुने विश्वासको ठोस आधार देखिँदैन। हुन त, सरकारले चाडवाडको बेला पर्याप्त योजना बनाए पनि दसैंमा चिनी, प्याज, छठमा चिनी, केरा र खाने तेलको मूल्यवृद्धि भएकै पाइन्छ । खानेकुराको महँगी बढाउन प्रत्यक्ष प्रभाव पार्ने इन्धनको मूल्य बढेको बढ्यै छ । आयल निगमले अन्तर्राष्ट्रिय जगत्मा भाउ बढेका कारण नेपालमा पनि बढाउनु परेको भन्ने तर्क गरिरहन्छ। तर, जनता भने मारमा परिरहेका छन्। चाडवाडको बेला यातायात क्षेत्रमा सरकारको भाडादरभन्दा प्रायः उपभोक्ताले बढी भाडा तिर्नुपर्ने, राजमार्गमा छेउमा रात्रि तथा दिवा सेवा यातायात रोकिने होटेलहरूमा खाद्यान्नको गुणस्तर त झनै कमजोर छ। त्यहाँका पसलहरूमा प्रायः उपभोग्य वस्तुको मूल्यभन्दा बढी मूल्य यात्रुले नै तिर्नुपर्छ। यसमा बस व्यवसायी र होटलबीचको मिलिमतो रहेको पुष्टि हुन्छ। नेपालमा पर्याप्त खाद्य अधिकार र अनुगमनमा चुनौती छन्। यसरी दैनिक रूपमा नेपाली उपभोक्ता वस्तु तथा सेवा क्षेत्रमा चरम रूपमा ठगिने र लुटिने गरेका छन् । नेपाल सरकारको कानुनी, संस्थागत संयन्त्र भए पनि जनताका आधारभूत असली सबालहरूमा सरकारको कत्ति पनि चासो र सरोकार भएजस्तो देखिँदैन। स्थानीय निकायको प्रमुख प्रशासकीय अधिकृतलाई बजार अनुगमन तथा उपभोक्ताको अधिकार संरक्षण संरक्षण गर्ने उत्तरदायित्व भए पनि बाटो खन्ने र पुर्ने कामलाई बढी महत्त्व दिएको साथै कतिपय स्थानीय सरकार उपभोक्ता अधिकार को संरक्षण गर्ने कुरामा संवेदनशील पाइँदैन। उपभोक्ता अधिकार सुनिश्चित गर्न सर्वप्रथम उपभोक्ता सचेत भई अधिकार हननबारे उजुरी गर्नुपर्छ । सरकारले सञ्चार क्षेत्रलाई खोजमूलक पत्रकारिता गर्न उत्प्रेरित र गैरसरकारी संघसंस्थासँग समन्वय र सहकार्यलाई बढावा दिँदा पनि सचेतनाको पाटोलाई बलियो बनाई उपभोक्तालाई सचेतनादेखि कानुनी उपचारमा थप टेवा पुग्न सक्छ। समयसापेक्ष विद्यमान कानुनी व्यवस्थामा संशोधन तथा सुधार गरी पूर्ण कार्यान्वयनको उत्तरदायी भूमिका राज्यले निर्वाह गर्नु पर्दछ। विपद् तथा अन्य बहाना केही दिन मात्र सामग्रीको ढुवानी तथा आपूर्तिमा कमी हुँदा चर्को महँगाइलाई नियन्त्रण गर्न सञ्चित क्षमतामा वृद्धि गर्नु आवश्यक छ। सरकारले वस्तु र सेवा क्षेत्रमा व्याप्त विकृति-विसंगति घटाउँदै उपभोक्ताको जीउज्यान र स्वास्थ्य संरक्षण गर्ने गरी कार्ययोजना बनाई बजार अनुगमन र नियमनमार्फत अखाद्य, गुणस्तरहीन वस्तुको उत्पादन, बेचबिखन र गैरकानुनी भण्डारणलाई निरुत्साहित पार्न तीन तहमा सरकारी तथा गैरसरकारी संयन्त्रलाई क्रियाशील बनाई नियमन गर्नु आवश्यक छ । उपभोक्ताप्रति इमान्दार र जिम्मेवार राज्य संयन्त्र निर्माण गरी उपभोक्ताको गुनासो सुन्ने र अनुगमन गर्ने संयन्त्रकारी निकाय हुनुपर्छ । नेपाल सरकारको गुनासो व्यवस्थापन संयन्त्रले राष्ट्रिय मानव अधिकार आयोग, उपभोक्ता अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाबीच आपसी समन्वय र सहकार्य गरी उपभोक्तको अधिकारलाई संरक्षण र संवर्द्धन गर्दै गुणस्तरीय, सस्तो उपभोग्य सामग्रीको पहुँच, उपलब्धता सुनिश्चित गर्न राज्यको दायित्व अपरिहार्य रहेको छ। सहनी, मानव अधिकार अधिकृत xg\. – *अन्नपूर्ण*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

# कर्णालीका नौ जिल्लामा सुपथ मूल्य पसल सञ्चालन हुने



• नमस्ते समचारदाता
सुर्खेत, भदौ/२८

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले कर्णालीमा असोजको पहिलो सातादेखि चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ । कम्पनीले सुर्खेतसहित नौ जिल्लामा एकसाथ पहिलो चरणमा दसैंलक्षित सहुलियत मूल्य पसल सञ्चालन गर्न लागेको हो । उपभोक्ताले माग गरेमा दसैंदेखि तिहार हुँदै छठसम्म सुपथ मूल्य पसल सञ्चालन गर्ने खाद्यको लक्ष्य रहेको कम्पनीका कर्णाली प्रादेशिक प्रमुख माधव मिश्रले जानकारी दिए । सुर्खेत, जाजरकोट, कालिकोट, रुकुमपश्चिम, डोल्पा, दैलेख, मुगु, जुम्ला र हुम्लामा एकसाथ चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन गर्न लागेको उनले बताए । कम्पनीले गत वर्ष पनि प्रदेशका सल्यानबाहेक नौ जिल्लामा सुपथ मूल्य पसल सञ्चालन गरेको थियो । उपभोक्ताको उच्च मागलाई ध्यान दिएर यस वर्ष चार प्रकारका चामलसँगै तेल, घिउ र दाल विक्री गरिनेछ । सल्यानमा कम्पनीको कार्यालय नभएका कारण त्यहाँ सुपथ मूल्य पसल सञ्चालन गर्न नसकिएको हो । अन्य जिल्लामा असोज ७ गतेदेखि पसल सञ्चालन उनले बताए ।

## संसदमा...

प्रतिनिधि सभा बैठकमा उनले भनिन्, यसको वास्तविकता के हो ? कर्णाली राजमार्गको नामको बजेट कहाँ प्रयोग गरिएको छ ? यसको जबाफ दिन सभामूख मार्फत सरकारको सरकारको ध्यानाकर्षण गराउँदछु । यो राजमार्ग निर्माणको लागि उद्धाटन गरेको १४ वर्षपछि २०६३ चैत्र ३० गते जुम्लामा सडक पुगेका थियो।

# हुम्लाको गोलभेडाले पाएन बजार

• नमस्ते समचारदाता
हुम्ला, भदौ/२८

खार्पुनाथ गाउँपालिका-४ र ५ का किसानले आफूले उत्पादन गरेको गोलभेडाले बजार नपाएको गुनासो गरेका छन् । किसानले करेसाबारीमा उत्पादन गरेको गोलभेडा बोकेर सदरमुकाम सिमकोट पुग्दा बिक्री नभएपछि गुनासो गरिएको हो । खार्पुनाथ गाउँपालिका-५ को याङ्चु गाउँकी सूचना परियारले बारीमा लगाएको गोलभेडा राम्रो फले पनि बिक्रीमा समस्या रहेको बताइन् । उनले अहिले बारीमै रहेको गोलभेडा सुरुमा प्रतिकेजी दुई सय ५० रुपैयाँमा बिक्री गरे पनि त्यही टमाटर प्रतिकेजी दुई सयमा बिक्री गरेको र पछि प्रतिकेजी ८० रुपैयाँमा बेच्नुपरेको सुनाइन् । प्रतिकेजी ५० रुपैयाँमा मूल्य झरेपछि भने गोलभेडा सिमकोट लगेर बिक्री गर्न छाडेको उनले बताइन् । दुई वर्षदेखि तरकारी खेती गर्दै आएकी परियारले हालसम्मकै सबैभन्दा कम मूल्यमा गोलभेडा बिक्री गर्नुपर्दा लागतसमेत उठाउन गाह्रो भएको गुनासो गरिन् । उनले तरकारी बारीमा लगाएको



गोलभेडा बिक्री नभएपछि बारीमा त्यत्तिकै राख्नुपरेको बताइन् । परियारको वडाबाट तीस जनाभन्दा बढी किसानले गोलभेडा खेती गर्दै आएका छन् । त्यस्तै, वडा वडा नम्बर ४ की राल्फा उपाध्यायले किसानहरुले ब्यवसायीक रुपमा तरकारी खेती गर्न थालेपछि टमाटर धेरै फल्न थालेको कारण बजारको समस्या रहेको बताइन् । उनले बारीबाट टिपेको टमाटर बिहानै बोकेर सिमकोट पुर्याउने काम गरे पनि मूल्य भने घटेको कारण समस्या देखिएको बताइन् । वडा नम्बर ४ का घरघरमा टमाटर खेती हुन थालेपछि उत्पादन बढेको तर बजार माग पहिलेकै अवस्थामा रहेको कारण टमाटर खेती गर्ने जाँगर मर्ने अवस्था आएको उनले बताइन । केही अगाडि टमाटर फलाउन सफल भएको कारण आफूले सात क्वीन्टल बिक्री गर्न सफल भए पनि अझै बारीमा टमाटर बाँकी नै रहेको उनले जानकारी दिइन् । त्यसैगरी वडा नम्बर ४ कै माजा गाउँकी लालकोषा रावतले पनि गत असार महिनासम्म टमाटर जति उत्पादन गरेपनि बिक्रीमा समस्या नदेखिए पनि अहिले भने ५० रुपैयाँमा प्रतिकेजी बिक्री गर्नुपर्दा निकै मर्का परिरहेको बताइन् । उनले छिमेकीले टमाटर फलाएर आम्दानी गर्न थालेपछि देखासिकीकै आधारमा पनि घरघरमा टमाटर उत्पादन हुने गरेको बताइन् । गाउँपालिका प्रशासकीय अधिकृत विष्णुबहादुर शाहीले किसान मर्कामा परेको भन्दै अब सबै किसानले एक्कै प्रकारका तरकारी खेती गर्ने चलन भएको कारण पनि समस्या आएको बताए । उनले पकेट क्षेत्र अनुसार किसानले फरक-फरक ब्यावसायिक तरकारी खेती गर्न सकेको खण्डमा यो समस्या समाधान हुने बताए ।

# बर्दियामा लागुऔषधसहित दुईजना पक्राउ

• नमस्ते समचारदाता
बर्दिया, भदौ/२८



बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका-२ फुटाहबाट लागुऔषध ब्राउनसुगर जस्तो देखिने पर्दाथ ५ ग्राम ५ सय ५० मिलिग्राम सहित २ जनालाई बिहीबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बाँके खजुरा गाउँपालिका-९ बस्ने २७ वर्षीय नबिन हमाल र कैलाली धनगढी उपमहानगरपालिका-३ बस्ने २६ वर्षीय मनोज ऐरी रहेका छन् । प्रहरी चौकी जमुनी समेतबाट खटिएको टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । उक्त सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक भिते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# पहिरोले सुदूरपश्चिमका प्रमुख राजमार्ग अवरुद्ध



• नमस्ते समाचारदाता
कालिकोट, भदौ/२८

अविरल वर्षासँगै आएको पहिरोले सुदूरपश्चिम प्रदेशका पहाडी क्षेत्रका विभिन्न राजमार्ग अवरुद्ध भएका छन् । ठाउँ ठाउँमा गएको पहिरोका कारण धनगढी-डडेलधुरा (भीमदत्त), डडेलधुरा (दिपायल केआईसिंह), बुडर-जोगबुढा सडक, खोड्पे-बभ्फाङ (जयपृथ्वी) राजमार्गमा आवागमन अवरुद्ध भएको छ । यसैगरी डोटीको जोरायल सडक,र सहजपुर-बिपीनगर सडकमा पनि गएको पहिरोले बाटो अवरुद्ध भएको छ । राजमार्गमा गएको पहिरोका कारण गन्तव्य तर्फ हिँडेका यातायातका साधन बीचबाटैमै रोकिएका छन् । कैलालीको अत्तरियास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले वर्षासँगै गएरातिदेखि विभिन्न राजमार्गमा गएको पहिरोले राजमार्गमा आवागमन अवरुद्ध भएको जनाएको छ । सुदूरपश्चिम प्रदेशका पहाडी क्षेत्रका सात जिल्लालाई जोड्ने भीमदत्त राजमार्गको छ/सात ठाउँमा पहिरो जाँदा यातायात आवागमन अवरुद्ध भएको छ । आज मध्यान्हसम्म यो राजमार्गको कतिपय ठाउँको पहिरो पन्छ्याइएको छ । अन्य कतिपय ठाउँको पहिरो पन्छ्याएर सडक यातायात सुचारु बनाउने प्रयास भइरहेको कार्यालयका प्रहरी सहायक निरीक्षक गङ्गादत्त भट्टले जानकारी दिए । अविरल वर्षासँगै सडक डुबानमा परेपछि कञ्चनपुरको डोके बजारदेखि बेलौरी सडक खण्डमा पनि आवागमन अवरुद्ध भएको छ । वर्षासँगै कैलालीको भजनी, जानकीनगर, पथरैया, कैलारी, जोशीपुर लगायतका कतिपय बस्तीमा डुबान भएको छ । जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । अविरल वर्षासँगै महाकाली, कर्णाली, ठूलीगाड, मोहना, खुटिया, कान्द्रा, घुरुवा, शिवगङ्गा, कटैनी लगायतका नदीमा पानीको बहाब बढेको छ ।

# कर्णालीमा दशौँ राष्ट्रिय खेलकुदको तयारी

• नमस्ते समाचारदाता
सुर्खेत, भदौ/२८



कर्णालीमा आगामी मङ्सिर २-९ गतेसम्म हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको समय आउन अब करिब दुई महिना बाँकी छ । प्रतियोगिता तोकिएको समयमा हुन सक्ने वा नसक्ने भन्ने विषय आफैँमा पेचिलो बन्दै गएको छ । यसले पूर्वाधार निर्माण र व्यवस्थापन गर्नेतर्फ दबाब बढेको छ । दुई वर्षअघि नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेश कास्कीको पोखरामा सम्पन्न भएको थियो । उक्त प्रतियोगिता सम्पन्न भएसँगै दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता गर्ने जिम्मा कर्णालीले लिएर फर्केपछि त्यसका लागि प्रदेश गौरवको आयोजनाका रूपमा लिइएको वीरेन्द्रनगर नगरपालिका-८ सुर्खेतमा बन्दै गरेको रङ्गशालाको काम अन्तिम चरणमा पुगेको छ । रङ्गशाला १० हजार दर्शक बस्ने क्षमताको छ । तीन साताअघि युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी सुर्खेत पुगेर रङ्गशाला निर्माणको अवस्थालाई अवलोकन निरीक्षण गरी मुख्यमन्त्री यामलाल कँडेल, सामाजिक विकासमन्त्री घनश्याम भण्डारीसँगको बसाइमा प्रदेश सरकारको १५ दिनपछिको रिपोर्टिङबाट निर्धारित समयमा खेल हुने वा नहुने भन्ने निर्क्यौल निकालिने भनेर फर्किएका थिए । कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री भण्डारीका अनुसार खेलकुद प्रतियोगिताका लागि पूर्वाधार निर्माणकार्य तीव्र रूपले बढे पनि प्रतिकूल मौसमका कारण काममा ढिलाइ भएकाले यहाँको प्रगतिबारे जानकारी गराउन नसकिएको बताए । कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव विश्वामित्र सञ्ज्यालले दशौँ राष्ट्रिय खेलकुद तोकिएको समयमा नगर्ने अवस्था नरहेको तर सरकारले चाहेमा निर्धारित समयमै हुनसक्ने बताए । परिषद्ले तोकिएकै समयमा राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न सक्षम र प्रतिबद्ध रहेको दाबी गरे पनि समयमै नहुने हो कि भन्ने आशङ्का उब्जिएको छ । तोकिएकै मितिमा प्रतियोगिता सम्पन्न गर्दा खेलकुद क्षेत्रमा आशा पलाउँछ र यसले तोकिएकै समयमा खेलकुद हुन्छ भन्ने संस्कृतिको विकास हुने उहाँको भनाइ थियो । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले रङ्गशालाको भौतिक पूर्वाधार अवलोकन गर्दा एक महिनामै सम्पन्न हुने कुरामा शङ्का नभएको तर खेलाडीलाई खाने-बस्ने व्यवस्था मिलाउन चुनौतीपूर्ण देखिएको बताए । यता खेलाडीका लागि बजेटको व्यवस्था गर्नेतर्फ जोड दिइएको बताउँदै मन्त्री चौधरीले बसोबास प्रबन्ध र पूर्वाधारका विषयमा प्रदेश सरकार बाट परिपत्र हुने त्यसका आधार मा प्रतियोगिता सञ्चालनको मितिका लागि निर्णय लिने जनाए । फेरि केही दिनपछि सुर्खेत पुगेर खेल सञ्चालन हुने सबै जिल्लाको पूर्वाधार अवस्था र अन्य व्यवस्थाका विषयमा जानकारी लिएर प्रतियोगिता सञ्चालनको मिति सुनिश्चित गर्ने उहाँको भनाइ थियो । परिषद्का अनुसार दशौँ राष्ट्रिय खेलकुद सञ्चालनका लागि प्रदेशभरमा १३ वटा 'इन्डोर' हल छन् । ती हलमा १४ वटा खेल खेलाउन सकिन्छ र बाँकी १० वटा 'आउटडोर फिल्ड' पनि भएकाले २४ वटा खेल खेलाउन सकिने पूर्वाधार यथेष्ट छन् । सुर्खेतभन्दा बाहिरका जिल्लामा पनि लैजाँदा यसले आम कर्णालीले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताप्रतिको अपनत्व लिन सक्ने ठाउँ हुने जनाइएको छ ।

# दुर्घटनामा अस्ताइन् पुथा उत्तरगंगाकि उपाध्यक्ष

• नमस्ते समाचारदाता
बाग्लुङ, भदौ/२८



दुर्घटनामा परि रुकुमपुर्वको पुथा उत्तरगंगा गाउँपालिकाकी उपाध्यक्ष भूपेन्द्रा बुढाको मृत्यु भएको छ । बागलुङ जिल्लाको गलकोट नगरपालिका-२ नरेठाँटीको भुँखानीमा आज बिहान सरकारी नम्बर प्लेटको रा १ झ २०० नम्बरको बोलेरो जीप दुर्घटना हुँदा बुढासहित ३ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । दुर्घटनामा परि २९ वर्षीय प्रेम बहादुर पुन भने घाइते भएका छन् । उनको धौलागिरि अस्पतालमा उपचार भइरहेको छ । 'उक्त दुर्घटनामा परी गाउँपालिका उपाध्यक्ष बुढाको पनि निधन भएको पुष्टि भएको छ । उनकी आमा गोपीमाया बुढा र सोही पालिका वडा नम्बर २ का अध्यक्ष जसबहादुर श्रीपालीको बाग्लुङमा भएको सडक दुर्घटनामा निधन भएको छ । रुकुप पूर्वका संघीय सांसद पूर्णबहादुर घर्तीका अनुहार गाउँपालिका उपाध्यक्ष काठमाडौंमा आमासहित परिवारलाई भेट्न आएकी थिइन् । परिवारलाई भेटेर गाउँ फर्किँदै गर्दा दुर्घटनामा परी बाटोमै उनी अस्ताइन् । बिहान दुदीलाभाटीका प्रेम बहादुर कार्कीले घाँस काट्न जाने बेला दुर्घना ग्रस्त जीप र शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

# बर्दिया बाढीको उच्च जोखिममा

• नमस्ते समाचारदाता
बर्दिया, भदौ/२८



बर्दियामा बाढीको उच्च जोखिम देखिएको छ । बबई नदी र कर्णाली नदिको सतह खतरा तह भन्दा माथि पुगेपछि बर्दियाका नदी तटीय क्षेत्रमा बाढीको उच्च जोखिम देखिएको हो । बाढीबाट अत्यधिक प्रभावित बनाउने कर्णाली र बबई नदी हुन् । तिनै नदिमा पानीको सतह खतरा भन्दा माथि देखिएपछि नदी तटीय क्षेत्रमा बाढी आउन सक्ने उच्च जोखिम देखिएको छ । बबई नदिमा सबै भन्दा बढी पानीको सतह७.३६ मिटर बिहान ११ बजे पुगेको थियो । बबई नदिको चेपाङ्गमा ५.५० मिटर चेतावनी तह र ६.८० मिटर खतराको तह तोकिएको छ । त्यसैगरी कर्णाली नदिको चिसापानीमा १०.५६ मिटर पुगेको छ । कर्णाली नदिमा चेतावनी तह १० मिटर र खतरा तह १०.८ मिटर चेतावनी तह तोकिएको छ । बबई चेपाङ्गमा पानीको सतह बढेको ५ देखि ६ घण्टामा बर्दियाको गुलरियाको बाढी आउने सम्भावना हुन्छ । हाल बबई नदी किनारमा रहेको सदरमुकाम गुलरिया लगायत नदी तटीय क्षेत्र उच्च जोखिममा रहेको छ । भने कर्णाली नदिबाट राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका नदी किनारका क्षेत्रहरू जोखिममा रहेका छन् । जिल्ला आपतकलीन कार्य सञ्चालन केन्द्र बर्दियाले कर्णाली र बबई नदिले खतराको तह पार गरेको हुनाले उच्च सतर्कता अपनाउन आव्हान गरेको छ । नदी तथा खोला किनारका स्थानीय बासीहरूलाई उच्च सतर्कता अपनाइ सुरक्षित रहन अनुरोध गरिएको छ । घरमा भएका महत्वपूर्ण वस्तु, नगद, गरगहना जिन्सीलाई सुरक्षित ठाउँमा राख्न, ज्येष्ठनागरिक, बालबालिका, गर्भवती तथा सुत्केरीलाई विशेष ध्यान दिन आव्हान गरिएको छ । नदिमा पानीको सतह बढेको समयमा माछा मार्ने, काठदाउरा छोप्ने जस्ता कार्य नगर्नु नगराउन आग्रह गरिएको छ । बर्दियाकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले सुरक्षाकर्मी लगायत सम्पूर्ण जिल्ला विपद् व्यवस्थापन समितिका संयन्त्रलाई उद्धारका लागि तयारी अवस्थामा राखिएको बताइन् । उनले स्थानीय तह, सरोकारवाला सरकारी तथा गैर सरकारी कार्यालयहरूलाई उद्धार तथा राहतका अनुरोध गरिन् ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका
व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको
सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके